सुनिलस्मृती गाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय
सुलिचौर, रोल्पा

लुम्बिनी प्रदेश, नेपाल

**विषयः- वित्तीय पहुँच, टेवा पूँजी र प्रविधि सहयोगका लागि निवेदन पेश गर्ने सम्वन्धी सूचना ।**

(सूचना प्रकाशित मितिः २०८०।१०।१४ गते,ने.सं. ११४४ पोहेलागा, ३ आइतबार)

उपर्युक्त विषयमा लुम्बिनी प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय राप्ती उपत्यका (देउखुरी), नेपालको मिति २०८०।१०।११, प.सं. २०८०/०८१, च.नं. ४९३ को प्राप्त पत्रानुसार राष्ट्रपति महिला सशक्तिकरण परियोजना अन्तर्गत नेपाल सरकार, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयबाट जारी महिला उद्यमशीलता विकास, वित्तीय पहुँच, टेवा पूँजी र प्रविधि सहयोग कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ को दफा ४ बमोजिम महिला उद्यमीहरूलाई प्रविधि सहयोग उपलव्ध गराउनको लागि सिफारिस गरी पठाउने सम्वन्धी पत्राचार भई आएकाले यस गाउँपालिकाका ईच्छुक महिला उद्यमी र उद्यमी समूहले तपसिलका कागजात सहित मिति २०८० माघ २५ गते बिहीबार कार्यालय समय भित्र गाउँ कार्यपालिकाको कार्यालयमा निवेदन पेश गर्नुहुन सम्वन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ । मन्त्रालयको पत्र, निवेदनको ढाँचा यसै सूचना साथ संलग्न राखिएको छ ।

**पेश गर्नुपर्ने कागजातहरू**

१. उद्योग/व्यवसाय दर्ता वा नवीकरणको प्रमाणपत्र,
२. स्थायी लेखा नम्बर वा मूल्य अभिवृद्धि कर दर्ताको प्रमाणपत्र,
३. कर दाखिला गरेको प्रमाण वा कर चुक्ताको प्रमाणपत्र,
४. आवश्यकता अनुसार व्यवसायिक इजाजत-पत्र,
५. व्यवसायिक योजना,
६. माग गरेको प्रविधि र सो प्रविधिको क्षमता ।

.............................
(मोतिम आलम)
नि.प्रमुख प्रशासकीय अधिकृत
नि. प्रमुख प्रशासकीय अधिकृत


ईमेलः info@sunilsmritimun.gov.np, ito@sunilsmritimun.gov.np वेवसाइटःsunilsmritimun.gov.np फोन नः ०८६४०११५२,७०

लुम्बिनी प्रदेश सरकार
# सामाजिक विकास मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

पत्र संख्याः २०८०/०८१

चलानी नं.: ४५६

मितिः २०८०/१०/११

सुनिलस्मृति गाउँपालिकाको कार्यालय
दर्ता नं. १५१८
मिति २०८०/१०/१२
समय

विषयः महिला उद्यमी र महिला उद्यमी समुह सिफारिस गरी पठाउने सम्बन्धमा।

श्री स्थानीय तह (सबै),
लुम्बिनी प्रदेश, नेपाल ।

नेपाल सरकार, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको च.नं. रा.म.उ.स.इ./११७ मिति २०८०।०९।२९को पत्र साथ चालु आ.व.०८०।०८१ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत राष्ट्रपति महिला सशक्तीकरण परियोजना (ब.उ.सि.न. ३४०००१०५) अन्तर्गत प्रत्येक प्रदेशका महिला उद्यमी तथा उद्यमी समुहलाई उद्यमशीलता प्रवर्धनका लागि प्रविधि सञ्चालन गर्न अख्तियारी पठाउने सन्दर्भमा यस प्रदेशमा कार्यान्वयनका लागि सामाजिक विकास मन्त्रालयको नाममा रु ४७,००,०००(अक्षरुपी सतचालिस लाख मात्र) को अख्तियारी प्राप्त हुन आएको छ। उक्त कार्यक्रम कार्यान्वयनका लागि महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयबाट जारी महिला उद्यमशीलता विकास, वित्तीय पहुँच, टेवा पूँजी र प्रविधि सहयोग कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ बमोजिम प्रदेशबाट २० जना महिला उद्यमीहरुलाई प्रति व्यक्ति अधिकतम २ लाख बराबर तथा १ वटा महिला उद्यमी समुहलाई अधिकतम रु ५ लाख बराबरको प्रविधि सहयोग उपलब्ध गराउने सम्बन्धी मिति २०८०।१०।११को गोरखापत्र राष्ट्रिय दैनिकमा १५ दिनको सार्वजनिक सूचना समेत प्रकाशित भईसकेको छ।

तसर्थ महिला उद्यमशीलता विकास, वित्तीय पहुँच, टेवा पूँजी र प्रविधि सहयोग कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ को दफा ४ बमोजिम यस प्रदेशका सबै स्थानीय तहका ईच्छुक महिला उद्यमी र महिला उद्यमी समुहहरुबाट तोकिएको मिति भित्र सम्बन्धित स्थानीय तहमा आवश्यक कागजात सहित निवेदन पेश गर्ने, पेश भएका महिला उद्यमी तथा महिला उद्यमी समुहका निवेदनहरु मध्ये रितपूर्वक सबै कागजात पेश भएका निवेदकहरुलाई म्याद समाप्त भएको मितिले १५ दिन भित्र स्थानीय तहको सिफारिस र तपसिलको विवरण समेत तयार गरी सक्कल फाईल समेत सम्बन्धित जिल्लाको सामाजिक विकास डिभिजन कार्यालयमा पठाउने व्यवस्थाका लागि यस मन्त्रालयको (नि.सचिवस्तर) मिति २०८०।१०।११को निर्णयानुसार अनुरोध छ ।साथै उक्त सूचनाको प्रतिलिपि र कार्यविधि समेत यसै साथ संलग्न राखी पठाईएको व्यहोरा समेत अनुरोध छ।

| सि.नं | महिला उद्यमी /उद्यमी समुहको नाम | ठेगाना | महिला उद्यमीको नाम | फर्मको प्रकार | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

बोधार्थः
श्री महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, सिंहदरबार काठमाण्डौ ।
श्री सामाजिक विकास डिभिजन कार्यालय (सबै), लुम्बिनी प्रदेश नेपाल।

शारदा बस्याल
प्र.म.वि.अ

श्री महिला बालबालिका तथा ज्येष्ठ नागरिक
२०८०/१०/१२

अनुसूची-१

दफा ६ सँग सम्बन्धित

निवेदनको ढाँचा

श्रीमान् प्रमुखज्यू
................ पालिका,
प्रदेश ................

महोदय,

म/मेरो उद्यमी समूहले ........... न.पा/गा.पा. अन्तर्गत रहेर स्थानीय स्रोत साधनको समूचित उपयोग गर्दै नाफा कमाउने उद्देश्यले उद्यम व्यवसाय सञ्चालनका लागि महिला उद्यमशीलता विकास, वित्तीय पहुँच र प्रविधि सहयोग कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ को दफा ६ बमोजिमका कागजातहरु संलग्न गरी उद्यम व्यवसायको प्रभावकारी सञ्चालन र स्तरउन्नति गर्न टेवा पूँजी प्रविधि प्राप्त गरी पाँउन भनि यो निवेदन पेश गरेको छु/छौ ।साथै प्रदेस मन्त्रालयमा सिफारिस गरी दिनु हुन अनुरोध गर्दछु /गर्दछौं।

निवेदकः

नाम, थरः

सम्पर्क नं.

समूहको नामः

समूह दर्ता नः

दस्तखतः

ठेगानाः

प्रदेश........ जिल्ला........

गा.पा /न.पा.

वडा नं.